# राष्ट्रिय स्वयंसेवा अभियान निर्देशिका, २०६९

<u>प्रस्तावनाः</u>

नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणमा समाजका सबै सदस्यहरू सेवाभावले स्वेच्छापूर्वक संलग्न हुने वातावरण निर्माण गरि स्वयंसेवालाई मुलुकभर चरणबद्ध रुपमा सञ्चालन गर्ने, उच्च शिक्षा अध्ययन गरिरहेका युवाहरुलाई स्वयंसेवाको माध्यमबाट व्यवहारिक एवं जिवनोपयोगी ज्ञान प्राप्त गर्ने अवसर जुटाई मुलुकको सम्बृद्धिका लागि युवाहरुलाई आफै अग्रसर हुने तत्परता जगाई स्वयंसेवालाई राष्ट्रिय जीवन पद्धतिको रुपमा विकास गर्न आवश्यक भएको परिप्रेक्ष्यमा राष्ट्रिय स्वयंसेवा अभियानलाई स्पष्ट, पारदर्शी, मर्यादित एवं व्यवस्थित बनाउन, स्वयंसेवा सम्बन्धी कार्य र त्यसको व्यवस्थापन प्रकियामा एकरुपता ल्याउन एवं स्वयंसेवाको सम्वर्धन तथा सहजीकरण गर्न नेपाल सरकारले देहायको राष्ट्रिय स्वयंसेवा अभियान निर्देशिका, २०६९ जारी गरेको छ ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "राष्ट्रिय स्वयंसेवा अभियान निर्देशिका,२०६९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यकारी समिति" भन्नाले दफा ९ बमोजिमको राष्ट्रिय स्वयंसेवा कार्यकारी समिति सम्झनु पर्छ।

(ख) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिमको राष्ट्रिय स्वयंसेवा निर्देशक समिति सम्झनु पर्छ।

(ग) "निर्देशनालय" भन्नाले दफा ११ बमोजिमको राष्ट्रिय स्वयंसेवा निर्देशनालय सम्झनु पर्छ।

(घ) "अनुगमन तथा समन्वय समिति" भन्नाले दफा १२ बमोजिमको जिल्ला अनुगमन तथा समन्वयन समिति सम्झनु पर्छ ।

(ङ) "स्वयंसेवक" भन्नाले यस निर्देशिका बमोजिम स्वेच्छापूर्वक स्वयंसेवा सम्बन्धी कार्यमा संलग्न रहेको व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद- २
## राष्ट्रिय स्वयंसेवा अभियान सम्बन्धी व्यवस्था

**३. राष्ट्रिय स्वयंसेवा अभियानको सञ्चालनः** (१) नेपाल सरकारले प्रदान गर्ने सेवाका सबै क्षेत्रमा स्वयंसेवालाई पूरकको रुपमा लैजान आवश्यक पर्ने बृहत् जनशक्तिलाई सेवाभावले स्वेच्छापूर्वक संलग्न हुने वातावरण निर्माण गरी राष्ट्र निमार्णको अभियानमा आमनागरिकलाई संलग्न हुने महत्वपूर्ण अवसर प्रदान गर्नको लागि राष्ट्रव्यापी रुपमा स्वयंसेवा अभियानलाई व्यवस्थित गर्न विश्वविद्यालय प्रवेशको चरणमा रहेका वा विश्वविद्यालयहरुबाट दीक्षान्त हुन लागेका युवाहरुलाई मुलुकको कला, संस्कृति, भूगोल र विविधतासँग परिचित गराई राष्ट्रको सम्बृद्धि र राष्ट्रिय एकतामा योगदान दिन, भावी जीवनका लागि उपयोगी, व्यवहारिक ज्ञान, सीप र आत्मविश्वासयुक्त सक्षम नागरिक बनाउन राष्ट्रिय स्वयंसेवा अभियान सञ्चालन गरिने छ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय स्वयंसेवा अभियान सञ्चालनको लागि देहायका कामहरु गरिनेछः-

(क) व्यक्तिमा भएको सीप र ज्ञानको उपयोग हुने गरी राष्ट्र र समाजको विकासमा सहयोग पुग्ने काममा स्वयंसेवकहरुको परिचालन गर्नका लागि कुन-कुन कार्यको निम्ति कस्तो सीप र ज्ञान भएको जनशक्तिको खाँचो छ भन्ने कुराको पहिचान गर्ने, स्वयंसेवा गर्न चाहने व्यक्ति वा संस्थाको सूची तयार गर्ने र त्यस्तो सूची सार्वजनिक गर्ने,

(ख) स्वयंसेवकहरुको सेवा चाहने समुदाय, विद्यालय, संघसंस्था वा निकायहरुको आवश्यकता पहिचान गर्ने र उनीहरुको योगदानको विवरण संकलन तथा अद्यावधिक गरी आवश्यकताको प्राथमिकीकरण गर्ने,

(ग) खण्ड (क) र (ख) मा उल्लेख भए बमोजिम आपूर्ति र मागको उपयुक्त व्यवस्थापन गर्ने,

(घ) अभियानात्मक काममा आमनागरिकको सहयोग जुटाउन उनीहरुको सहभागिताका सम्बन्धमा आवश्यक छलफल गर्ने, कार्यक्रमको पहिचान, छनौट वा प्राथमिकीकरण गर्ने,

(ङ) स्वयंसेवाको कार्यमा संलग्न हुन चाहने व्यक्तिहरुलाई प्रोत्साहन दिनको निम्ति त्यसमा सहयोग पु-याउने खालका कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने,

(च) श्रमको सम्मान गर्ने, श्रम गर्ने र राष्ट्र निर्माणमा योगदान दिने व्यक्तिले गौरव र खुशीको अनुभव गर्ने वातावरणको सिर्जना गर्न सो अनुसारको प्रोत्साहन प्रणालीको विकास गर्ने,

(छ) राष्ट्रलाई फाइदा पुग्ने काममा स्वेच्छिक सेवा गर्न अग्रसर गराउनको निम्ति आवश्यक चेतनामूलक कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने,

(ज) स्वयंसेवकहरुलाई भौतिक तथा कार्यस्थल सुरक्षाको प्रत्याभूति दिने,

(झ) स्वयंसेवक भई काम गर्ने मानिसहरुलाई स्वयंसेवा पश्चातको जीवनको निम्ति आवश्यक र उपयोगी अनुभव र सीपको विकास गर्न सघाउने,

(ञ) स्वयंसेवाको लागि तालिमको आवश्यकता पर्ने स्वास्थ्य, शिक्षा, आकस्मिक जोखिम सुरक्षा जस्ता विषयमा तालीमहरु उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ट) स्वयंसेवासम्बन्धी कार्यक्रमको व्यवस्थापन, अभिलेख, अनुगमन, र मूल्याङकन प्रकृयामा स्थानीय निकायहरु र केन्द्रीय निकायहरुको भूमिकालाई परिभाषित गर्ने,

(ठ) स्थानीय बासिन्दा नै आफ्नो गाउँ, इलाका वा क्षेत्रको आवश्यकता पहिचान गर्न र स्थानीय श्रोत परिचालन गर्न सक्षम हुन्छन् र के काम गर्ने वा कस्तो कार्यक्रम सञ्चालन गर्ने भन्ने बारेमा निर्णय लिने सबैभन्दा उत्तम निकास स्थानीय समुदाय नै हो भन्ने मान्यताका आधारमा कार्यक्रम छनौट गर्ने,

(ड) स्वयंसेवालाई राष्ट्रिय जीवनको अभिन्न अङ्ग र औपचारिक शिक्षाको पुरकका रुपमा लैजान विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाउने,

(ढ) स्वयंसेवा र परियोजनाको भिन्नतालाई ध्यानमा राखी नेपाल सरकारका सबै अंग तथा निकायहरुले आफ्ना कार्यक्रमहरुमा स्वयंसेवा मैत्री कार्यक्रमहरु समावेश गर्ने ।

४. <u>राष्ट्रिय स्वयंसेवा कार्यक्रमहरुको प्राथमिकता:</u> राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गत कार्यक्रम सञ्चालन गर्दा देहायका कार्यहरुलाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछः-

(क) शहर वा बस्ती सरसफाई र नदी सरसफाई,

(ख) खुल्ला दिसामुक्त क्षेत्र घोषणा (एक घर एक शौचालय बनाई गाँउ विकास समिति तथा शौचालय विहिन घर नहुने गरी) कार्यक्रम,

(ग) पोखरी, जलाशयको निर्माण तथा मर्मतसम्भार, कुलो, नहरको निमार्ण तथा मर्मतसम्भार,

(घ) खानेपानी आयोजनाहरुको निर्माण तथा खानेपानी वितरणको काम,

(ङ) स्वास्थ्य चौकी, विद्यालय भवन, गाँउ विकास समिति भवन, सामुदायिक भवन, गोदामघर, हाटबजार निर्माण आदि सामुदायिक विकास निर्माणको काम,

(च) कृषि, पशुपालन वा व्यावसायिक खेती सम्बन्धी काम (बागवानी केन्द्र, नर्सरी वा नगदेवाली, बेमौसमी तरकारी उत्पादन, एक घर एक करेसाबारी, जडीबुटीको व्यावसायिक खेती तथा प्रशोधन सम्बन्धी कार्यक्रम),

(छ) सडक, बाटो, पुल, तुइन निर्माण तथा जीर्णोद्धारको काम,

(ज) नदी नियन्त्रण, पैह्रो नियन्त्रण, भल व्यवस्थापन, वन बृक्षारोपण,

(झ) स्वास्थ्य सेवा,

(ञ) साक्षरता अभियान,

(ट) खेलकुद मैदान, उद्यान निर्माण तथा मर्मतसंभार एवं स्तरोन्नति,

(ठ) मठमन्दिर, कला संस्कृतिको पुनरस्थापना तथा जीर्णोद्धारको काम,

(ड) लोपोन्मुख जातिका लागि आवास निर्माण,

(ढ) विपद् व्यवस्थापन सम्बन्धी काम, रोकथाम, जागरण,

(ण) स्थानीय तहमा उपयुक्त ठानिएका कार्य,

(त) सामाजिक कुरीति, विकृति तथा लैङगिक हिंसा विरुद्धको अभियान सम्बन्धी कार्य,

(थ) स्थानीय श्रोत र साधनको प्रयोगलाई राष्ट्रिय स्वयंसेवा अभियानमा प्राथमिकता दिने कार्य, र

(द) नेपाल सरकारले तोकेको अन्य कार्य ।

५. <u>राष्ट्रिय स्वयंसेवामा संलग्न हुन सक्ने सम्भाब्य व्यक्ति तथा समुदायहरु:</u> राष्ट्रिय स्वयंसेवा कार्यक्रममा देहाय बमोजिमका व्यक्त्ति वा समुदायले सेवाभावले स्वेच्छापूर्वक सहभागी हुन सक्ने छन्ः-

(क) ज्येष्ठ नागरिक,

(ख) क्याम्पस तथा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी,

(ग) युवा,

(घ) बेरोजगार वा अर्धबेरोजगार युवा,

(ङ) समाजमा प्रतिष्ठित व्यक्ति,

(च) प्रतिष्ठित कलाकार,

(छ) खेलाडी,

(ज) समाजसेवी,

(झ) खेलकुद, कला,संस्कृतिमा संलग्न समुदाय,

(ञ) उद्यमी, व्यवसायी,

(ट) कर्मचारी तथा शिक्षक,

(ठ) राजनीतिज्ञ,

(ड) अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारी वा निवृत जिवन व्यतित गरिरहेका व्यक्ति,

(ढ) सेवाभावले स्वेच्छापूर्वक राष्ट्र निमार्णमा योगदान गर्न ईच्छुक अन्य व्यक्ति।

६. <u>स्वयंसेवकका प्रकार:</u> सेवाको उपयोग गर्ने क्षेत्रको आधारमा देहाय बमोजिमका स्वयंसेवक हुने छन्ः-

(क) **स्वास्थ्य सेवा सम्बन्धी स्वयंसेवक** - यस अन्तर्गत चिकित्सक,नर्स, प्रयोगशाला विशेषज्ञ, अन्य स्वास्थ्य सम्बन्धी विशेषज्ञ, प्राविधिक र स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य स्वयंसेविका आदि रहनेछन् ।

(ख) **सार्वजनिक निर्माण तथा प्रविधि सम्बन्धी स्वयंसेवक -** यस अन्तर्गत इन्जिनियर, सब-इन्जिनियर र सार्वजनिक निर्माण क्षेत्रसँग सम्बद्ध व्यावसायिक ज्ञान भएका तथा अन्य प्राविधिक, ज्यावल/सामाग्री चलाउने सीप भएका सिल्पी तथा मर्मत गर्ने कालिगढ, कम्प्यूटर सम्बन्धी प्रशिक्षक/मर्मतकर्ता विद्युतीय सामग्री बनाउन तथा मर्मत गर्न जान्ने आदि रहनेछन्।

(ग) **योजना, व्यवस्थापन, कानून र अनुसन्धान क्षेत्र सम्बन्धी स्वयंसेवक -** यस अन्तर्गत योजनाकार, अध्येता तथा अनुसन्धानकर्ता, मूल्याँङकन एवं अनुगमनकर्ता, लेखापरीक्षक, लेखा सम्बन्धी विशेषज्ञ, कानून व्यवसायी, कानून विज्ञ, व्यवस्थापक, अभिलेख व्यवस्थापन विज्ञ आदि रहनेछन्।

(घ) **शिक्षा तथा प्रसार सम्बन्धी स्वयंसेवक** - यस अन्तर्गत शिक्षक, शिक्षिका, प्रशिक्षक, प्रशिक्षण सहायक, साक्षरता अभियन्ता, सञ्चारकर्मी, सूचना सामग्री तयार गर्न जान्ने, दीक्षान्त पूर्वका उच्च शिक्षा, प्राविधिक शिक्षा तथा उच्च माध्यामिक विद्यालयका विद्यार्थी आदि रहनेछन् ।

(ङ) **कृषि, वन र पशुक्षेत्र सम्बन्धी स्वयंसेवक** - यस अन्तर्गत कृषि, पशु तथा वनक्षेत्र सम्बन्धी विशेषज्ञ, पशु चिकित्सक र यस क्षेत्रसँग सम्बद्ध अन्य प्राविधिक आदि रहनेछन् ।

(च) **प्राकृतिक सांस्कृतिक सम्पदा संरक्षण कार्य सम्बन्धी स्वयंसेवक** -यस अन्तर्गत सम्पदा संरक्षण सम्बन्धी विषय विशेषज्ञ र प्राविधिक, कलाकर्मी आदि रहनेछन् ।

(छ) **सामुदायिक विकास सम्बन्धी स्वयंसेवक-** यस अन्तर्गत सामुदायिक विकास र सामाजिक चेतनाको विकास सम्बन्धी कार्यमा संलग्न स्वयंसेवक आदि रहनेछन् ।

(ज) **आकस्मिक व्यवस्थापन सम्बन्धी स्वयंसेवक-** यस अन्तर्गत प्रकोप व्यवस्थापन, उद्धार, राहत सम्बन्धी क्षेत्रगत विज्ञ तथा जानकार तालिम प्राप्त व्यक्त्ति आदि रहनेछन् ।

(झ) **अन्य स्वयं सेवक** - यस अन्तर्गत खास सीप नभएका तर विशुद्ध सेवाभावले योगदान दिन इच्छुक स्वयंसेवक वा शारीरिक श्रम योगदान गर्ने व्यक्ति आदि रहनेछन् ।

## परिच्छेद -३

## संस्थागत व्यवस्था

७. **निर्देशक समिति** (१) राष्ट्रिय स्वयंसेवा अभियानको नीति निर्माण संचालन गर्नको लागि देहायको राष्ट्रिय स्वयंसेवा निर्देशक समिति रहेनछ ।

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री | -अध्यक्ष |
| (ख) | नेपाल सरकारका मन्त्रीहरु | -सदस्य |
| (ग) | व्यवस्थापिक संसदमा प्रतिनिधित्व गर्ने सवै राजनैतिक दलका एक/एक जना प्रतिनिधिहरु | -सदस्य |
| (घ) | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सदस्यहरु | -सदस्य |
| (ङ) | नेपाल सरकारको मुख्य सचिव | -सदस्य |
| (च) | नेपाल सरकारका सचिवहरु | -सदस्य |
| (छ) | स्वयंसेवा प्रवर्द्धन कार्यमा संलग्न संस्थाका प्रतिनिधिहरुहरु मध्येबाट पाँच जना नेपाल सरकारले मनोनित गरेका | -सदस्य |
| (ज) | निर्देशनालयका प्रमुख | -सदस्य |
| (झ) | उच्च माध्यमिक विद्यालय शिक्षा परिषद्को सदस्य सचिव | -सदस्य |
| (ञ) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अनुगमन हेर्ने) | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम सदस्यको मनोनयन गर्दा कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने गरी यथासम्भव मनोनयन गरिने छ ।

(३) निर्देशक समितिको अध्यक्षले आवश्यकता अनुसार निर्देशक समितिको बैठक बोलाउन सक्नेछन् ।

(४) निर्देशक समितिले उपयुक्त ठह-याएको संस्थाको प्रतिनिधि वा, विषय विज्ञलाई निर्देशक समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) निर्देशक समितिको बैठक सम्बन्धि अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) निर्देशक समितिको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ ।

८. **निर्देशक समितिको कार्यहरु** : निर्देशक समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) स्वयंसेवकको व्यवस्थापन सम्बन्धी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, प्रवर्द्धन, सहजीकरण, अनुगमन र मूल्याङ्कनसम्बन्धी नीति तर्जुमा गरी लागू गर्ने,

(ख) स्वयंसेवकको जिम्मेवारी र आचार संहिता तयार गरी लागू गर्ने,

(ग) स्वयंसेवा सम्बन्धी कार्यक्रमहरुको समन्वय गर्ने,

(घ) स्वयंसेवा सम्बन्धी स्वयंसेवा गर्ने विषयगत क्षेत्रको पहिचान र निर्धारण गर्ने,

(ङ) स्वयंसेवाको प्रवर्द्धन गर्ने कार्यमा संलग्न संस्थाको क्षमता विकास तथा सहजीकरण कार्यमा सहयोग पुऱ्याउने,

(च) स्वयंसेवा सम्बन्धी वार्षिक कार्यक्रम तयार गरी स्वीकृत गर्ने,

(छ) स्वयंसेवा सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने।

९. <u>कार्यकारी समिति</u> : (१) निर्देशक समितिले राष्ट्रिय स्वयंसेवा अभियानको सम्बन्धमा निर्धारण गरेको नीतिको कार्यान्वयन गर्न देहाय बमोजिम सदस्यहरु रहेको एक राष्ट्रिय स्वयंसेवा कार्यकारी समिति रहनेछ।

| | |
|---|---|
| (क) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष | -अध्यक्ष |
| (ख) नेपाल सरकारका मुख्य सचिव | -सदस्य |
| (ग) नेपाल सरकारका सचिवहरु | -सदस्य |
| (घ) गैरसरकारी संस्था, राजनैतिक दल, स्थानीय निकाय, नागरिक समाज समेतको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनित गरेका दश जना | -सदस्य |
| (ङ) प्रतिनिधि विशिष्ट श्रेणी नेपाली सेना | -सदस्य |
| (च) प्रहरी महानिरीक्षक | -सदस्य |
| (छ) सशस्त्र प्रहरी महानिरीक्षक | -सदस्य |
| (ज) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | -सदस्य |
| (झ) रजिष्ट्रार, त्रिभुवन विश्वविध्यालय | -सदस्य |
| (ञ) सदस्य सचिव, उच्च माध्यामिक शिक्षा परिषद | -सदस्य |
| (ट) प्रमुख, शिक्षा मन्त्रालय स्वयंसेवा महाशाखा | -सदस्य |
| (ङ) सहसचिव (अनुगमन हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | -सदस्य सचिव |

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम सदस्यहरुको मनोनयन गर्दा कम्तीमा पाँच जना महिलाको प्रतिनिधित्व हुने गरी यथासम्भव समावेशी सिद्धान्तको आधारमा मनोनयन गरिनेछ ।

(३) कार्यकारी समितिको अध्यक्षले आवश्यकता अनुसार कार्यकारी समितिको वैठक बोलाउन सक्नेछ ।

(४) कार्यकारी समितिले उपयुक्त ठहऱ्याएको संस्थाको प्रतिनिधि वा विषय विज्ञलाई कार्यकारी समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) कार्यकारी समितिको वैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) कार्यकारी समितिको सचिवालय राष्ट्रिय योजना आयोगको सचिवालयमा रहनेछ ।

१०. <u>कार्यकारी समितिका कार्यहरुः</u> (१) कार्यकारी समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछ :-

(क) निर्देशक समितिले गरेका निर्णयको कार्यान्वयन गर्ने ।

(ख) निर्देशक समितिको मार्गदर्शन भित्र रही स्वयंसेवा कार्यहरु संचालन सम्बन्धी वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(ग) राष्ट्रिय स्वयंसेवा अभियानको संचालन सम्बन्धमा आवश्यकतानुसार अनुगमन तथा समन्वय समितिलाई निर्देशन दिने ।

(घ) अनुगमन तथा समन्वय समितिको काम कारवाहीको अनुगमन गर्ने ।

(ङ) स्वयंसेवा कार्यक्रम सम्बन्धी नीतिगत व्यवस्थाको तर्जुमा र सुधारक निम्ति निर्देशक समितिमा प्रस्ताव पेश गर्ने ।

(च) स्वयंसेवाको काम कारवाहीको अनुगमन एवं मुल्याङ्कन सम्बन्धी कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

(छ) स्वयंसेवा सम्बन्धी कार्यक्रमहरुको बीचमा समन्वय कायम गर्नका निम्ति आवश्यक व्यवस्था गर्ने गराउने ।

(ज) निर्देशक समितिको वैठकमा पेश गर्ने कार्य सूचीको निर्धारण गर्ने ।

**११. <u>निर्देशनालयको स्थापना</u>** : (१) स्वयंसेवा सम्बन्धी नीति निर्माण र यस्ता कार्यक्रमहरुको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनर अभिलेख व्यवस्थापन प्रवर्द्धन, सहजीकरण र नियमन सम्बन्धी कार्य गर्न सवै विश्वविद्यालयमा राष्ट्रिय स्वयंसेवक सेवा निर्देशनालयको स्थापना गरिनेछ ।

(२) सबै निर्देशनालयहरुसँग समन्वय गर्न शिक्षा मन्त्रालयमा एक राष्ट्रिय स्वयं सेवा महाशाखा रहनेछ ।

**१२. <u>अनुगमन तथा समन्वय समितिः</u>** (१) जिल्लामा संचालित स्वयंसेवा अभियान अन्तर्गतको कार्यक्रमहरुको अनुगमन तथा समन्वय गर्न देहाय बमोजिमको जिल्ला अनुगमन तथा समन्वय समिति रहने छ ।

(क) प्रमुख जिल्ला अधिकारी — संयोजक

(ख) स्थानीय विकास अधिकारी — सदस्य

(ग) जिल्ला शिक्षा अधिकारी — सदस्य

(घ) प्रमुख, जिल्ला जनस्वास्थ्य कार्यालय — सदस्य

(ङ) प्रमुख, खानेपानी तथा सरसफाई डिभिजन/सव-डिभिजन कार्यालय — सदस्य

(च) जिल्लास्थित क्याम्पस प्रमुख/उच्च माध्यामिक विद्यालयका प्राचार्य र व्यवस्थापन समितिका पदाधिकारीहरुमध्ये अनुगमन तथा समन्वय समितिले मनोनयन गरेका दुई जना — सदस्य

(छ) जिल्लास्थित कृयाशील सबै राजनैतिक दलका प्रतिनिधिहरु — सदस्य

(ज) प्रमुख, नेपाल रेडक्रस जिल्ला समिति — सदस्य

(झ) प्रमुख,उद्योग वाणिज्य संघ जिल्ला समिति — सदस्य

(ञ) प्रमुख/प्रतिनिधि गैरसरकारी संघ जिल्ला समिति — सदस्य

(ट) चन्दादाता, समाजसेवी, संघसंस्था मध्येबाट अनुगमन तथा समन्वय समितिद्धारा मनोनित (बढीमा ३ जना) — सदस्य

(ठ) खास कार्यक्रम परिचालन गर्नुपर्दा सो कामसँग सम्बद्ध विज्ञ वा विषयगत निकायका प्रमुख-सदस्य — सदस्य

(ड) सहायक प्रमुख जिल्ला अधिकारी/शाखा अधिकृत जिल्ला प्रशासन कार्यालय —सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिम सदस्यहरुको मनोनयन गर्दा यथासम्भव समावेशी सिद्धान्तको आधारमा गरिनेछ ।

(३) अनुगमन तथा समन्वय समितिको संयोजकले आवश्यकता अनुसार अनुगमन तथा समन्वय समितिको बैठक बोलाउन सक्नेछ ।

(४) अनुगमन तथा समन्वय समितिले उपयुक्त ठहऱ्याएको संस्थाको प्रतिनिधि वा विषय विज्ञलाई अनुगमन तथा समन्वय समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) अनुगमन तथा समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि अनुगमन तथा समन्वय समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) अनुगमन तथा समन्वय समितिको सचिवालय जिल्ला प्रशासन कार्यालयमा रहनेछ।

१३. <u>अनुगमन तथा समन्वय समितिको कार्यहरुः</u> अनुगमन तथा समन्वय समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछः-

(क) जिल्लाभित्र परिचालित हुने स्वयंसेवा अभियानको लागि स्वयंसेवकहरुको अनुमानित संख्या तयार गर्ने,

(ख) जिल्लामा परिचालन गरिने कार्यक्रमहरुको सूची तयार गर्ने,

(ग) निर्देशक समिति र कार्यकारी समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) स्वयंसेवा कार्यक्रम सम्बन्धमा कुनै द्विविधा भए सोको समाधान गर्ने र कार्यकारी समिति समक्ष सोको जानकारी पठाउने,

(ङ) अनुगमन तथा समन्वय समितिले विकास निर्माण/अभियानात्मक कार्यक्रम/जागरण जस्ता कृयाकलापमा संलग्न हुन चाहने जिल्लाभित्रका स्वयंसेवकको रुचीको क्षेत्र, सीप, ज्ञान वा क्षमता सहितको अभिलेख तयार गर्ने, जिल्लाभरमा स्वयंसेवकको आवश्यकता र पूर्तिको अभिलेख राखि

वार्षिकरुपमा अद्यावधिक गर्ने र जिल्लाभित्रबाट आपूर्ति हुन नसक्ने स्वयंसेवक जनशक्तिका लागि कार्यकारी समितिमा माग गरी पठाउने,

(च) जिल्लाभित्र रहेका वित्तीय संस्था, उद्योगी व्यापारी, सामुदायिक संघसंस्था लगायतबाट स्वयंसेवा अभियानको लागि सहयोग रकम प्राप्त गरी परिचालन गर्ने,

(छ) जिल्लाभित्र स्वयंसेवाको प्रयोजनका लागि प्राप्त रकम तोकिएको क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाउने,

(ज) जिल्लाभित्र स्वयंसेवा अभियान कार्यक्रमको प्रवर्द्धन गर्ने,

(झ) आर्थिक श्रोत परिचालन सम्बन्धी काम गर्ने,

(ञ) उपलब्ध जनशक्ति, आवश्यक निर्माण सामग्री र उपकरणको प्रयोग तथा परिचालन गर्ने स्वयं सेवा कार्यक्रम अन्तर्गत निर्माण भएका सम्पत्तिको रेखदेख, मर्मत सम्भार र सञ्चालन एवं दीगो व्यवस्था र लाभको न्यायोचित बाँडफाँडको प्रवन्ध मिलाउने।

## परिच्छेद- ४

## बजेट सम्बन्धी व्यवस्था

१४. **बजेटको व्यवस्थाः** राष्ट्रिय स्वयंसेवा अभियानको लागि प्राप्त रकमहरु नयाँ नेपाल निर्माण कोष मार्फत परिचालन गरिनेछ।

१५. **खर्चको विवरण सार्वजनिक गरिनेः** (१) जिल्ला भित्र सञ्चालन हुने स्वयंसेवा कार्यलाई सघाउन नेपाल सरकार , कम्पनी/व्यवसायी/औद्योगिक प्रतिष्ठान, चन्दादाता, नयाँ नेपाल निर्माण संस्था तथा गैरआवासीय नेपालीहरुले दिएको योगदानलाई निश्चित कार्यविधि बनाई पारदर्शीढंगले खर्च गरिनेछ।

(२) राष्ट्रिय स्वयंसेवाको काममा स्वेच्छाले दिएको नगद वा जिन्सी रकम, दाताको नाम, खर्च रकम र खर्च भएको कार्यक्रम वा कृयाकलापको विवरण तयार गरी एक प्रति कार्यक्रम सञ्चालन भएको स्थानका उपभोक्ता संघ-संस्थालाई,एक प्रति स्थानीय निकाय र एक प्रति अनुगमन तथा समन्वय समितिलाई मासिक रुपमा उपलब्ध गराई सो विवरण हरेक चार महिनामा सार्वजनिक गरिनेछ।

(३) अनुगमन तथा समन्वय समितिले राष्ट्रिय स्वयंसेवा अभियानको लागि प्राप्त गरेको सबै रकमको एकीकृत र दाताहरुले प्रदान गरेको रकम छुट्टाछुट्टै तोकिएको क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाउनेछ। जिल्लाभित्र रहेका वित्तीय संस्था, उद्योगी, व्यापारी, नाफामूलक फर्म, कम्पनी, व्यवसायी लगायतबाट यस स्वयंसेवा अभियानको लागि संस्थागत सामाजिक दायित्वको रुपमा सहयोग प्राप्त गरी परिचालन गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सहयोगको सबै विवरण सार्वजनिक गर्नु पर्नेछ।

१६. **बजेट खर्च वा कटौती गर्न नपाईनेः** (१) नेपाल सरकारका कुनै पनि निकायले स्वयंसेवा अभियान सञ्चालन गर्नको लागि थप बजेट निकासा माग्न वा कुनै विकास आयोजनाको लागि छुट्याइएको बजेट खर्च वा कटौती गर्न पाइने छैन। तर विकास निर्माणका लागि आवश्यक सामग्री खरिद गर्न व्यवस्था गरिएको बजेटबाट सोही प्रयोजनका स्वयंसेवा परिचालन गर्ने गरी खर्च भएर नजाने सामग्री खरिद गरी राष्ट्रिय स्वयंसेवा अभियानमा प्रयोग गर्न बाधा पर्ने छैन। साथै मौज्दातबाट सामान्य सेवा वा टेवामा खर्च गर्न यस प्रावधानले समेत बाधा पुऱ्याएको मानिने छैन ।

(२) राष्ट्रिय स्वयंसेवा अभियान कार्यक्रममा प्रयोग भएको सामग्रीको सम्बन्धित कार्यालयले अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद- ५

## स्वयंसेवकहरुको आचरण सम्बन्धी व्यवस्था

१७. **स्वयंसेवकहरुको आचरणः** यस निर्देशिका बमोजिम परिचालित हुने स्वयंसेवकहरुले देहायबमोजिमका आचरणहरु पालना गर्नु पर्नेछः-

(क) कार्यस्थलमा वा वासस्थलमा राष्ट्रिय स्वयंसेवा अभियान अवधिभर मादक पदार्थ सेवन नगर्ने,

(ख) सरोकारवालापक्षहरुसँग शिष्ट, सामाजिकरुपले मर्यादित र नैतिक व्यवहार गर्ने,

(ग) सामाजिक सदभाव र एकता कायम गर्ने र विभाजन एवं द्वन्द्वको सिर्जना र वृद्धि हुने काम नगर्ने,

(घ) अन्य निकाय र पदाधिकारीको काममा हस्तक्षेप नगर्ने,

(ङ) धर्ना, घेराउ र जुलुस जस्ता कार्यक्रममा संलग्न नहुने,

(च) भत्ता तथा सुविधाका निम्ति सम्बन्धित संस्थालाई अनुचित दवाव नदिने,

छ) अन्य संस्थाहरुको कार्यक्रममा बाधा नपु-याउने,

(ज) स्वयंसेवकले पालना गर्नु पर्ने आचार संहिताको उल्लङ्घन नगर्ने,

झ) सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने ।

१८. **स्वयंसेवक परिचालन गर्ने संस्थाले पालना गर्नु पर्ने आचरणः** यस निर्देशिका बमोजिम स्वयंसेवक परिचालन गर्ने संस्थाले देहायबमोजिमका आचरणहरू पालना गर्नु पर्नेछः-

(क) यस निर्देशिकाको पालना गर्ने,

(ख) निर्देशक समिति, कार्यकारी समिति र अनुगमन तथा समन्वय समिति वा तिनका अख्तियार प्राप्त अधिकारीले यस निर्देशिका बमोजिम दिएको निर्देशनको पालना गर्ने,

(ग) स्वयंसेवकहरुको बीचमा भेदभाव नगर्ने,

(घ) सार्वजनिक सम्पतिको दुरुपयोग एवं हिनामिना नगर्ने,

(ङ) राष्ट्र र जनताको वृहत्तर हीतमा आघात पुग्ने कुनै कार्य नगर्ने,

(च) सामाजिक सद्भाव र एकतामा नोक्सान पुऱ्याउने काम नगर्ने,

(छ) सरकारको नीति र कार्यक्रमको कार्यान्वयनमा बाधा नपुऱ्याउने ।

## परिच्छेद- ६

## अभिलेखन, प्रतिवेदन तथा मूल्याङकन व्यवस्था

१९. **अभिलेखन सम्बन्धी व्यवस्थाः** (१) अनुगमन तथा समन्वय समितिले विकास निर्माण वा अभियानमा संलग्न दक्ष जनशक्तिको विवरण (Skill Profile) र प्राकृतिक प्रकोप वा महामारीमा आकस्मिक राहत तथा उद्धारमा खटाउन सकिने जनशक्तिको सम्पर्क ठेगाना सहितको विवरण (Profile) तयार गरी एकप्रति कार्यकारी समितिमा पठाउनु पर्नेछ।

(२) कार्यकारी समितिले विकास निर्माणका अतिरिक्त प्राकृतिक प्रकोप, महामारी आदि जस्ता आपतकालीन परिस्थितिमा पीडित व्यक्तिहरुलाई आकस्मिक राहत र उद्धार गर्न स्वयंसेवकको रुपमा परिचालन गर्न सकिने दक्ष जनशक्तिको जिल्लामा अभिलेख तयार गरी राख्नु पर्नेछ।

(३) शिक्षा मन्त्रालय, विश्वविद्यालयहरु र उच्च माध्यामिक शिक्षा परिषद्ले विद्यार्थीहरुलाई स्वयंसेवा कार्यक्रम परिचालन गर्दा त्यसको छुट्टै अभिलेखन र प्रतिवेदन प्रणालीको विकास गर्नेछन् । राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गत सञ्चालित कार्यक्रममा स्वयंसेवकको रुपमा रहने विद्यार्थीको सहभागिता पाठ्यक्रम तथा मूल्याङ्कनको अभिन्न अङगको रुपमा रहनेछ।

(४) कार्यकारी समितिले अनुगमन तथा समन्वय समितिलाई जिल्लाभरको कूल माग, जिल्लाभित्रैबाट आपूर्ति हुने संख्या र क्षेत्र तथा अन्यबाट खटाउनु पर्ने जनशक्तिको आँकलन गरी कार्यकारी समितिबाट प्राप्त विवरणको आधारमा जिल्लागत माग र आपूर्तिको केन्द्रीकृत अभिलेख बनाई शिक्षा मन्त्रालयको स्वयंसेवा महाशाखामा सोझै पठाउने व्यवस्था मिलाउनेछ।

२०. **प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गतका कार्यक्रम कुन गाँउ विकास समिति/ नगरपालिकामा के कति परिमाणमा, कुन कुन क्षेत्रका के कति स्वयंसेवकहरुको संलग्नतामा स्वयंसेवाको कामका विधिबाट (विद्यार्थी, सशुल्क, युवा परिचालन वा निशुल्क अभियान) सम्पन्न भएको हो, उक्त कार्यक्रम सञ्चालन गर्दा के कस्ता कठिनाई सामना गर्नु पर्योक र आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने व्यहोरा सहितको प्रतिवेदन तयार गरी काम सम्पन्न भएको पन्ध्र दिनभित्र हरेक कार्यक्रमका संयोजक र कार्यक्रम सञ्चालन भएको गाँउ विकास समिति वा नगरपालिकाको सचिवले गाँउ विकास समिति वा नगरपालिका मार्फत अनुगमन तथा समन्वय समितिमा पठाउनु पर्नेछ ।

(२) वैयक्तिकरुपमा स्वयंसेवामा संलग्न (खास गरी विद्यार्थी, अवकाशप्राप्त व्यक्तिहरु, ज्येष्ठ नागरिक आदि) स्वयंसेवकहरुले उपदफा (१) मा उल्लिखित विवरण समावेश गरी काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफ्नो प्रतिवेदन अनुगमन तथा समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) अनुगमन तथा समन्वय समितिले उपदफा (१) वा (२) बमोजिमको प्रतिवेदन उपर त्यस्तो प्रतिवेदन प्राप्त भएको एक महिना भित्र छलफल र समीक्षा गरी अन्तिम प्रतिवेदन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउनु पर्नेछ। प्रतिवेदनमा प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै सहभागी संख्या, सहभागीको सीप विवरण, कार्यक्रमको उद्देश्य र परिमाण, सो कार्यमा भएको कुल खर्च र श्रोत व्यवस्थापन, समस्या र समाधानको लागि गरिएको प्रयास आदि समेटिएको दुई पृष्ठमा नबढ्ने गरी विवरण समावेश हुनु पर्नेछ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सबै जिल्लाको एकीकृत प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र कार्यकारी समितिमा पठाउनु पर्नेछ। कार्यकारी समितिले सो प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्नेछ।

(४) कार्यकारी समितिले निर्देशक समिति समक्ष हरेक वर्ष सम्पादीत काम, उपलब्धि, समस्या र समाधानका उपायसहितको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नेछ ।

२१. <u>**मूल्याङ्कन सम्बन्धी व्यवस्थाः (**</u>१) अनुगमन तथा समन्वय समितिले गत आर्थिक वर्षमा आफ्नो जिल्लामा राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गत सञ्चालित कार्यक्रमहरु मध्ये उत्कृष्ट स्वयंसेवाको नमूनाको रुपमा एउटा कार्यक्रमलाई छनौट गरी त्यसरी छनौट गर्नुको कारण र औचित्यसहित त्यसमा सकृय नेतृत्वकारी भूमिका खेल्ने व्यक्ति वा संस्थाको पहिचान गरी पुरस्कृत गर्न हरेक वर्षको श्रावण महिनामा कार्यकारी समिति समक्ष सिफारिस गरी पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त ७५ जिल्लाका अनुगमन तथा समन्वय समितिहरुको सिफारिसहरुको अध्ययन गरी कार्यकारी समितिले राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गत सञ्चालित तीन वटा उत्कृष्ट कार्य र सो कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने व्यक्ति वा संस्थालाई सर्वोत्कृष्ट स्वयंसेवकको पुरस्कार प्रदान गर्न निर्देशक समिति समक्ष सिफारिस गरी पठाउनेछ।

(३) निर्देशक समितिले उपदफा (२) बमोजिम प्राप्त सिफारिसहरु मध्ये एकलाई सर्वोत्कृष्ट स्वयंसेवक छनौट गरी उक्त संस्थालाई छानिएको विकास निर्माणको काम गर्नको लागि प्रोत्साहनस्वरुप एक करोड रुपैयाँसम्म अनुदान दिन नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

## परिच्छेद- ७
## विविध

२२. **समन्वय तथा सुरक्षा व्यवस्थाः** (१) अनुगमन तथा समन्वय समितिले जिल्लाभित्र सञ्चालित सबै कार्यक्रमको समन्वय गर्नेछ ।

(२) जिल्ला तहमा नगर/गाउँ विकास समितिबाट कार्यक्रमको सूची लिई मापदण्ड (Scoring) का आधारमा समन्वय तथा कार्यान्वयन समितिले कार्यक्रम छनौट गर्नेछ । कुन संघ संस्था वा व्यक्ति के काममा र कहाँ कहिले सहभागी हुने भनी तोक्ने काम जिल्ला समन्वय समितिको हुनेछ । हरेक कार्यक्रमका लागि एकजना संयोजक तोक्ने कार्य अनुगमन तथा समन्वय समितिले गर्नेछ। संयोजकले आवश्यकतानुसार कार्यदल बनाई काम सम्पन्न गर्न सक्नेछ।

(३) कार्यक्रम सञ्चालन गर्ने स्थान, सम्भावित संख्या र समयको जानकारी अनुगमन तथा समन्वय समितिले जिल्ला प्रहरी कार्यालयलाई दिनु पर्नेछ । कार्यक्रममा ठूलो संख्या स्वयंसेवकहरु परिचालन गर्दा व्यक्तिगत सुरक्षा तथा त्यहाँ वरपरको सामाजिक सुरक्षा एवं कार्यस्थल सुरक्षाको प्रबन्ध सुरक्षा निकाय र मातहतका सुरक्षा पोष्टले गर्नु पर्नेछ ।

(४) जिल्ला प्रहरी कार्यालयले हरेक स्वयंसेवकहरुले अपनाउनु पर्ने सुरक्षा सम्बन्धी सतर्कता र आवश्यकता पर्दा अपनाउनुपर्ने कार्यविधि उल्लेख भएको सुरक्षा सूचना पर्चा तयार गरी कार्यस्थलमा टाँस्ने र स्वयंसेवकले त्यसको जानकारी पाउने व्यवस्था मिलाउनु पर्नेछ।

(५) ठूलो संख्यामा स्वयंसेवक परिचालन हुने हरेक कार्यक्रम शुरु हुनु पूर्व स्थानीय सुरक्षा निकायका प्रमुखले सबै स्वयंसेवकलाई सुरक्षा व्यवस्था बारे जानकारी सहितको संक्षिप्त प्रशिक्षण दिनु पर्नेछ ।

(६) जिल्ला विकास समितिको कार्यालयले जनसमुदाय परिचालन अवधिमा चौविसै घण्टा सञ्चालनमा हुने सहायता डेस्क राखी आपत्कालीन सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

(७) सरसफाई जस्ता अल्पकालीन अभियानात्मक तथा चेतनामूलक कार्यक्रमहरु शुरु गरेको पन्ध्र दिनभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

२३. **स्वयंसेवक खटाउन सक्नेः** (१) निर्देशनालयले दीक्षान्त हुनु पूर्व प्राविधिक विषयमा अनिर्वाय र अप्राविधिक विषयमा निश्चित संख्यामा प्रत्येक वर्ष स्वयंसेवकको रुपमा काम गर्न विद्यार्थीहरुलाई खटाउन सक्नेछन् ।

(२) शिक्षा मन्त्रालयले सबै विश्वविद्यालयहरुमा उपलब्ध जनशक्ति र जिल्ला तहबाट प्राप्त मागको विश्लेषण गरी विश्वविद्यालयहरुलाई निश्चित स्थानमा निश्चित कामका लागि तोकिएको संख्यामा स्वयंसेवक खटाउन र त्यसको नियमित अनुगमन गरी त्यसैका आधारमा निजहरुको शैक्षिक मूल्याङकन गर्ने प्रणाली बनाई कार्यान्वयन गर्न लगाउनेछ ।

२४. <u>जीवन निर्वाह भत्ता उपलब्ध गराउन सक्ने:</u> राष्ट्रिय स्वयंसेवा अभियान कार्यक्रममा संलग्न स्वयंसेवकहरुलाई स्वयंसेवा काममा संलग्न रहेको अवधिभर जीवन निर्वाहको लागि आवश्यक पर्ने न्यूनतम जीवन निर्वाह भत्ता नेपाल सरकारले उपलब्ध गराउन सक्नेछ ।

२५. <u>सहयोग माग गर्न सकिने:</u> राष्ट्रिय स्वयंसेवा अभियान कार्यक्रमको लागि आवश्यक पर्ने ज्यावल, उपकरण वा साधनहरु सौजन्य स्वरुप वा प्रयोजन सकिएपछि त्यस्ता सामग्रीहरु फिर्ता लैजाने गरी प्राप्त गर्न वा भाडामा लिन निर्माण व्यवसायी संघ, उद्योग वाणिज्य महासंघ, उद्यमी व्यवसायी, कम्पनी र समाजसेवी समक्ष अनुरोध गर्न सकिनेछ ।

२६. <u>राष्ट्रिय स्वयंसेवक परिचालन गर्दा ध्यान दिनु पर्ने:</u> राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गतको कार्यक्रममा स्वयंसेवकहरु परिचालन गर्दा सकेसम्म आफ्नो नियमित बासस्थानभन्दा कम भन्दा कम व्यक्ति अन्यत्र बास बस्नु पर्ने गरी र कम भन्दा कम सवारी साधन प्रयोग गर्नु पर्ने वा लामो दूरीको यात्रा तय गर्नु नपर्ने सिद्धान्त अनुरूप गर्नुपर्नेछ।

२७. <u>कुनै शुल्क उठाउन नपाईने:</u> राष्ट्रिय स्वयंसेवा अभियान अन्तर्गत सञ्चालित कार्यक्रमको लागि कुनै पनि शैक्षिक संस्थाले अभिभावकबाट थप शुल्क उठाउन पाउने छैन ।

२८. <u>प्रचलित कानून बमोजिम कारवाही गर्न लेखी पठाउने:</u> यस निर्देशिका बमोजिम सञ्चालन हुने स्वयंसेवा कार्यक्रमको लागि खरिद सामग्री वा स्वयंसेवा कार्यक्रमको रकमको कसैले दुरुपयोग वा हिनामिना गरी भ्रष्टाचारजन्य कृयाकलाप गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित स्वयंसेवा कार्यक्रम सञ्चालकले प्रमुख जिल्ला अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

२९. <u>निर्देशिकाको पालना गर्नुपर्ने:</u> स्वयंसेवकहरुको परिचालन, समन्वय, प्रवर्द्धन, सहजीकरण, अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यहरुमा संलग्न सबै व्यक्ति र निकायहरुले स्वयंसेवा सम्बन्धी आफ्नो कार्य सञ्चालन गर्दा यस निर्देशिकाको पालना गर्नु पर्नेछ।